# निजी व्यवहारको लिखतहरूको (ढाँचा सम्बन्धी)

# ऐनको मसौदा

र

# तत्सम्बन्धी प्रतिवेदन

२०४५

नेपाल कानून आयोग

नेपाल कानून सुधार आयोग

सानेपा, ललितपुर, नेपाल ।

# निजी व्यवहारको लिखत (ढाँचा सम्बन्धी) ऐन, २०४५ को प्रस्तावित मसौदा तथा त्यस सम्बन्धी

## प्रतिवेदन

१. श्री ५ को सरकारको मिति २०४१।८।२१ को निर्णय बमोजिम नेपाल कानून सुधार आयोग (यस पछि यस प्रतिवेदनमा "आयोग" भनिएको) लाई तोकिएका कामहरू मध्ये घरायसी तथा कानूनी लिखतका ढाँचाका नमूनाहरू तोक्नको निमित्त ऐनको मसौदा तयार गर्ने पनि एक हो । सो अनुरूप ऐनको मसौदा गरी सिफारिश गर्ने आयोगको निर्णयानुसार "निजी व्यवहारको लिखत (ढाँचा सम्बन्धी) ऐन, २०४५" को मसौदा तयार गरी यसै प्रतिवेदन साथ प्रस्तुत गरिएको छ ।

२. प्रस्तावित ऐनको मसौदा गर्ने कार्यको थालनी गर्नु अघि केही समय आयोगले घरायसी तथा कानूनी लीखत अन्तरगत के कस्ता लिखतहरू पर्न सक्ने हुन त्यस सम्बन्धमा विचार विमर्श गरेको थियो । घरायसी लिखत भन्नाले मूलतः व्यक्ति विशेषको बीच आ-आफ्नो व्यावसायिक एवं सामाजिम व्यवहारलाई व्यवस्थित गर्ने उद्देश्यले प्रयोगमा ल्याइने विभिन्न किसिमका लिखतहरूलाई इङ्गित गरेको बुझिन्छ तापनि यस वर्गिकरण भित्र के कस्ता किसिमका व्यवहारलाई समेट्ने लिखतहरूलाई प्रस्तावित ऐनमा समावेश गर्नु पर्ने होत भन्ने सम्बन्धमा आयोगमा विस्तृत छलफल पनि भएको थियो । घरायसी लिखतको अलावा कानूनी लिखतको सम्बन्धमा पनि ऐनको मसौदा गर्न आयोगलाई तोकिएको छ तापनि कानूनी लिखतको दायरा बढी विस्तृत भएको र कानूनी लिखत भन्दा अघि घरायसी लिखतको ढाँचा निर्धारण गरिनु सर्वसाधारणको

नेपाल कानून आयोग

निमित्त बढी उपयोगि हुने आयोगले महशुस गरी त्यसै अनुरूप प्राथमिकता दिई आयोगले प्रस्तुत ऐनको मसौदा गरेको छ ।

३. केही खास किसिमका घरायसी लिखतहरू लेख्दा विशेष ध्यान दिनुपर्ने कुरा वा समावेश गर्नुपर्ने केही व्यहोराको सम्बन्धमा सम्म प्रचलित नेपाल कानूनमा यदाकदा उल्लेख भएको पाइन्छ तापनि त्यस्तो घरायसी लिखतको किटानी ढाँचा वा त्यस्को नमूना भने कतै उल्लेख भएको पाइदैन । धेरैजसो घरायसी लिखतहरू परम्परागत तवरबाट चली आएकै ढाँचामा आधारित रहेका देखिन्छन् । व्यवहारमा त्यसैलाई अनुसरण गरिदै आएको पाइन्छ । यसरी परम्परागत तवरबाट चली आएको ढाँचालाई सर्वसाधारण जनता समक्ष अवगत गराउने उद्देश्यले कानूनी क्षेत्रमा कार्यरत केही व्यक्तिहरूले यस्ता घरायसी लिखतहरूको ढाँचाका नमूना समावेश गरी पुस्तकहरू प्रकाशित गरेको पनि पाइन्छ । लेखपढ गर्न जान्ने व्यक्तिहरूको निमित्त यस किसिमको पुस्तकले निकै सघाउ पुऱ्याएको छ तापनि त्यसरी तयार पारिएको ढाँचाको नमूनाहरुलाई परिपालन गर्नुपर्ने कानूनी बाध्यताको अभावमा त्यसको उपयोगिता सिर्फ एक मार्ग दर्शकको रूपमा सीमित रहेको देखिन्छ । यस स्थितिमा प्रस्तावित ऐनले महत्वपूर्ण योगदान दिन सक्तछ भन्ने आयोगले सम्झेको छ ।

४. प्रस्तुत ऐन अन्तरगत समावेश गरिएका घरायसी लिखतहरु मध्ये कतिपय लिखतहरू जस्तै भोगबन्धक, राजिनामा, बकसपत्र, धर्मपुत्र, मानो छुट्टिएको वा मानो जोरिएको, अंशबण्डा आदि घरसारमा, बसी लेख्न सकिने भए तापनि प्रचलित कानून बमोजिम रजिष्ट्रेशन गराउनु पर्ने बाध्यता रहेको छ । सो बाहेक अरू लिखतहरू जस्तै तमसूक, भाखापत्र, घर बहालको वा जग्गा कमाउने कबुलियत, भरपाई आदिलाई अनिवार्य रूपमा रजिस्ट्रेशन गराउनु नपर्ने भएकोले ती लिखतहरू घरसारमा लेखेर रीतपूर्वक सहीछाप गरिएको भए त्यसलाई कानूनी मान्यता प्राप्त हुन्छ । माथि उल्लिखित लिखतहरू मध्ये कतिपय

नेपाल कानून आयोग

व्यवहारका लिखतहरू लेख्ने वा तयार गर्ने कार्य घरसारमा हुने नभै रजिष्ट्रेशन कार्यालय, बैंक वा श्री ५ को सरकारको कार्यालयहरूबाट पनि सम्पन्न हुने भएकोले ती लिखतहरूलाई सामुहिक रुपमा नामाकरण गर्दा घरसारको लिखत भन्नु उपयुक्त देखिदैन । वस्तुतः ती लिखतहरू जहाँसुकै तयार भएपनि व्यक्तिको "निजी व्यवहारको लिखत" भन्नु आयोगको विचारमा बढी उपयुक्त देखियो। तसर्थ, ती दुबै किसिमका लिखतहरूलाई सामुहिक रूपमा "निजी व्यवहारको लिखत" को संज्ञा दिंदा विषयवस्तु सित बढी मेल खाने आयोगले महसूस गरी सोही अनुरूप प्रस्तावित ऐनको मसौदामा यी शब्दावलीलाई प्रयोगमा ल्याइएको छ ।

५. प्रस्तावित ऐन अन्तरगत २३ किसिमका निजी व्यवहारका लिखतहरूको ढाँचा तोकिएका छन् । ती लिखतहरूको ढाँचा सम्बन्धमा हाल प्रचलनमा रहेको कुनै कुनै लिखतको ढाँचामा केही हदसम्म व्यहोरा फरक परेकोले सर्वसाधारणलाई नयाँ ढाँचा सित अवगत हुन केही समय लाग्ने भएकोले प्रस्तुत ऐनलाई तत्काल लागू नगरी श्री ५ को सरकारले उपयुक्त देखेको मितिबाट लागू गराउन सकोस भन्ने हेतुले प्रस्तावित ऐन श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकी दिएको मितिदेखि मात्र लागू हुने प्रावधान राखिएको छ । कुनै बाध्यात्मक कारण परेकोमा बाहेक विशेषतः नयाँ नयाँ ऐनहरूलाई पूर्वदर्शी प्रभाव दिएर मात्र प्रारम्भ गर्नु पर्ने आयोगको धारणा अनुकूल नै यो प्रावधानको व्यवस्ता भएको छ ।

६. निजी व्यवहारको लिखत भन्ने शब्दावलीले प्रस्तावित ऐनको सन्दर्भमा के कस्ता कामकुरा गर्नको निमित्त लेखिएका वा तयार पारिएका लिखतलाई निजी व्यवहारको लिखत मानिने होत भन्ने सम्बन्धमा स्पष्ट व्यवस्था गरिनु आयोगले मनासिब देखेकोले प्रस्तावित ऐनको दफा २ मा निजी व्यवहारको लिखतको परिभाषा गरिएको छ ।





नेपाल कानून आयोग

७. निजी व्यवहारका लिखतहरु मध्ये कुन कुन लिखतहरूको ढाँचाको नमूना कुन कुन अनुसूचीमा समावेश गरिएको छ भन्ने कुरा प्रस्तावित ऐनको दफा ३ को उपदफा (१) मा समावेश गरिएको छ । प्रस्तावित ऐनमा समावेश गरिएका निजी व्यवहारको लिखतको अलावा सर्वसाधारणको प्रयोगको निमित्त त्यस्तै अन्य कुनै लिखतको ढाँचा निर्धारण गरिदिनु पर्ने आवश्यकता श्री ५ को सरकारले महसूस गरेमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी त्यस्तो लिखतको ढाँचा समेत तोकी प्रस्तावित ऐन अन्तरगतको निजी व्यवहारको लिखतको सूचीमा समावेश गर्न सक्ने अधिकार श्री ५ को सरकारलाई प्रदान गर्नु उपयुक्त हुने आयोगले ठहराई सो बमोजिमको व्यवस्था सोही दफाको उपदफा (२) मा गरिएको छ ।

८. प्रस्तावित ऐन लागू भए पश्चात निजी व्यवहारको लिखत लेख्दा उपयुक्त अनुसूचीमा तोकिएको ढाँचा तथा व्यहोरा सित मिलान गरी लेख्नु पर्ने वाध्याता प्रस्तुत मसौदाको दफा ४ को उपदफा (१) मा गरिएको छ । निजी व्यवहारका लिखतहरू उपरोक्त प्रावधान बमोजिम नलेखिएमा त्यस्को परिणाम के हुने हो त भन्ने प्रश्न उठ्नु स्वभाविकै हो । जहाँसम्म रजिष्ट्रेशन पारित गराउनु पर्ने निजी व्यवहारका लिखतको सम्बन्ध छ त्यसको हकमा सो लिखतलाई प्रस्तावित ऐनले तोकेको ढाँचाको व्यहोरामा लेखिएको भए मात्र रजिष्ट्रेशन पारित गर्ने प्रयोजनको निमित्त रीतपूर्वक तयार गरेको मानिने भन्ने स्पष्ट व्यवस्था सोही दफाको उपदफा (२) मा गरिएबाट त्यस सम्बन्धमा प्रस्तुत ऐनको पालन गर्नेपर्ने वाध्यता हुन जान्छ । त्यस्तो लिखत रजिष्ट्रेशन गर्ने कार्यालयबाट पारित हुनु पर्ने वर्तमान कानूनी व्यवस्थाको सन्दर्भमा रजिष्ट्रेशन पारित गर्न त्यसलाई सो कार्यालयमा प्रस्तुत गर्दा त्यसमा रहेका त्रुटीहरू सो कार्यालयको निर्देशानुसार समयमै सच्चिने अवस्था भएकोले सो वाध्यात्मक व्यवस्थाबाट सर्वसाधारणलाई कुनै गंभीर समस्या पर्ने स्थिति हुँदैन । रजिष्ट्रेशन





नेपाल कानून आयोग

गराउनु पर्ने नपर्ने सबै किसिमका लिखतको कारणी वा साक्षीहरूले सहिछाप गर्दा के कति रीत पुऱ्याई गर्नु पर्छ भन्ने सम्बन्धमा मुलुकी ऐनको कागज जाँचको महलमा व्यवस्था गरिएको छ । प्रस्तावित ऐनको मूल उद्देश्य निजी व्यवहारका लिखतको व्यहोरा सहितको ढाँचासम्म निर्धारण गरी त्यस्तो कारोवारमा सर्वत्र एक रूपता ल्याउने भएबाट कारणी वा साक्षीको सहीछाप जस्ता विषयको हकमा मुलुकी ऐनको वर्तमान व्यवस्थालाई नै पालना गर्नु पर्ने गरी उपदफा (२) मा आवश्यक व्यवस्था गरिएको छ जस अनुसार रजिष्ट्रेशन गराउनु पर्ने वर्गीकरणका लिखतहरू प्रस्तुत ऐनले तोकेको ढाँचामा लेखी प्रचलित कानून (यस सन्दर्भमा मुलुकी ऐनको कागज जाँचको महल) अनुसारको शर्तहरू समेतको पालन गरिएमा रजिष्ट्रेशन पारित गर्नको निमित्त रीत पुगेको मानिने छ । प्रस्तावित ऐन लागू भएपछि यस ऐनले तोकेको ढाँचामा निजी व्यवहारका लिखत लेख्नु पर्ने गरी दफा ४ को उपदफा (१) मा व्यवस्था गरिएबाट त्यसरी तोकिएको ढाँचा सित मिलान नभएमा त्यस्तो लिखतको कानूनी मान्यता नरहने हुन जान्छ । तोकिएको ढाँचाको व्यहोरा सित मिलान नभएको कारण त्यस्को दुई परिणाम हुन सक्तछ । पहिलो अवस्थामा सम्बन्धित लिखतको अंगनपुगी त्यस लिखतलाई कार्यान्वयन गर्न नसकिने भई सो लिखतनै निरर्थक हुन जाने एक अवस्था हुन सक्तछ भने अर्को अवस्था अंग भने पुगेको तर तोकिएको ढाँचामा प्रयोग गरिएका शब्दाबलीको साटो त्यस्तै अर्थ आउने अन्य शब्दावलीलाई प्रयोगमा ल्याइएको हुन सक्दछ । यस स्थितिमा अंग नपुगी सम्बन्धित लिखतलाई कार्यान्वयन गर्न नसकिने अवस्थाका लिखतलाई मान्यता दिने प्रश्नै उठ्दैन तर अंग भने पुगेको तर ऐनले तोकेको लिखतको नमूनामा प्रयोग गरिएका शव्दावलीको साटो त्यस्तो अर्थ बुझाउने अन्य शब्दवाली प्रयोग भएकै कारणले भने लिखतलाई मान्यता नदिनु न्यायोचित एवं व्यावहारिक नहुने कुरामा आयोग विश्वस्त भएकाले सामान्य भाषागत वा





नेपाल कानून आयोग

व्याकरणगत भिन्नताको कारण लिखतको सामुहिक स्वरूपमा सारभूत परिवर्तन भएको छैन भने त्यस प्रकारको भिन्नताको कारण लिखतलाई प्रतिकूल असर नपर्ने स्पष्ट व्यवस्था यसै दफाको उपदफा (३) मा गरिएबाट सर्वसाधारणलाई सहुलियतने हुने कुरामा आयोग विश्वस्त छ ।

९. प्रचलित नेपाल कानून बमोजिम रजिष्ट्रेशन गराउनु पर्ने कुनै निजी व्यवहारको लिखतमा प्रस्तावित ऐन बमोजिम पुऱ्याउनु पर्ने रीत नपुऱ्याएको देखिएमा सो लिखत रजिष्ट्रेशन गर्ने कार्यालय वा अधिकारीले के कति कारणले रीत नपुगेको हो सो कुरा लिखत पारित गर्न आउने व्यक्तिलाई सम्झाई सो बमोजिम मिलाई ल्याएका बखत लिखत रजिष्ट्रेशन पारित हुने कुराको जानकारी गराई त्यस्तो लिखत सम्बन्धित व्यक्तिलाई नै फिर्ता गरी दिनु पर्ने व्यवस्था दफा ५ द्वारा व्यवस्तित गरिएको छ । यस किसिमको प्रावधान प्रचलित नेपाल कानूनमा पनि विद्यमान रहेको छ तापनि सो कुरालाई यस ऐनमा पनि समावेश गरिदिंदा बढी स्पष्ट हुने र यो ऐन स्वयं आफैमा परिपूर्ण हुन जाने आयोगको धारणा रहेकोले यस प्रावधानलाई समावेश गरिएको हो । मौखिक तवरले बताएको सबै कुरालाई मनन गर्न कठिनाई पर्न सक्ने स्थितिमा वा लिखतमा मिलाउनु पर्ने कुराहरू धेरै भई सम्झन अप्ठयारो पनि पर्न सक्ने अवस्थामा लिखत पारित गराउन चाहने व्यक्तिको सहुलियतको निमित्त निजले माग गरेमा सम्बन्धित लिखतको सम्बन्धमा जे जति कुरा मिलाउनु पर्ने हो यो व्यहोरा रजिष्ट्रेशन पारित गर्ने कार्यालय वा अधिकारीले स्पष्ट बुझिने गरी सम्बन्धित लिखतमा दरपीठ गरिदिनु पर्ने बाध्यात्मक व्यवस्था सोही दफाको उपदफा (२) मा गरिएको छ । यसरी दरपीठ गरिदिनु पर्ने वाध्यात्मक व्यवस्था गरिएबाट सर्वसाधारणलाई लिखतमा नमिलेका कुराहरु मिलाउनु सुविदा प्राप्त हुनुको साथै लिखत पारित गर्ने कार्यालय वा अधिकारीबाट आलटाल वा ढिलासुस्ती गर्ने गरेको भन्ने

नेपाल कानून आयोग

यदाकदा सुनिने गुनासोको पनि निवारण हुन जाला भन्ने आयोगको धारण रहेको छ ।

१०. निजी व्यवहारका लिखतहरू मध्ये बढी प्रचलनमा आउने किसिमका लिखतहरूलाई मात्र प्रस्तावित ऐनमा समावेश गरिएको छ । यस ऐनमा ढाँचा तोकिएका लिखत बाहेक अरूको हकमा के हुने होत भन्ने अन्यौलको स्थिति उत्पन्न हुन सक्ने कुरालाई दृष्टिगत गरी यस ऐनले ढाँचा तोकेको लिखत बाहेक अरू लिखतहरूको सम्बन्धमा परम्परागत रूपमा चली आएको ढाँचालाई नै प्रयोगमा ल्याउन सकिने स्पष्ट व्यवस्था भएमा सर्वसाधारणलाई सजिलो पर्ने कुरा आयोगले महशुस गरेकोले सो कुरा प्रस्तावित ऐनको दफा ६ मा समावेश गरिएको छ ।

११. रजिष्ट्रेशन गराउनु पर्ने किसिमका निजी व्यवहारको लिखतको ढाँचा प्रस्तावित ऐनले तोके बमोजिम नभएको भन्ने प्रश्न उठेमा तत्कालै सो बमोजिम मिलाउनको निमित्त रजिष्ट्रेशन गर्ने कार्यालय वा अधिकारीले ध्यानाकर्षण गराउन सक्ने भएकोले रजिष्ट्रेशन पारित गर्नुपर्ने खालका निजी व्यवहारका लिखतको हकमा ढाँचा नमिलेको भन्ने समस्या पछि खडा हुन सक्ने कमै संभावना देखिन्छ । तर रजिष्ट्रेशन गराउन नपर्ने किसिमका निजी व्यवहारका लिखतको हकमा ढाँचा मिले नमिलेको भन्ने प्रश्न त्यस्तो लिखत बमोजिम कुनै कानूनी कारबाई चलाउने अवस्थामा मात्र उठ्न सक्ने हुन्छ । यस किसिमको प्रश्न उठ्ने अवस्थामा त्यस्तो लिखत भएको लामो अवधि गुज्री सकेको र त्यस बेला सम्ममा त्यस लिखत गरिदिने व्यक्तिको मृत्यु भई सकेको वा निज फेला पर्न सक्ने अवस्था नरहेको वा निजले ढाँचा मिलाई राजिखुशीले अर्को लिखतगरी दिन मंजूर नगरेको अवस्थामा पुनः ढाँचा मिलाई लिखतगरी दिने व्यवस्था गर्नु व्यहारिक हुँदैन । त्यस्तो अवस्थामा ऐनले तोकेको ढाँचा नमिलेकै कारणबाट सम्बन्धित व्यक्तिहरूले गरेको व्यवहार निष्कृय हुन जान्छ भन्नु न्यायोचित हुँदैन । साथै



नेपाल कानून आयोग

धेरै लामो समयदेखि चली आएको परिपाटीलाई छोडी नयां परिपाटीलाई ग्रहण गर्न र त्यस्मा अभ्यस्त हुन पनि त्यतिकै लामो समय लाग्न सक्ने तथ्यलाई आयोगले मनन गरी ढाँचा नमिल्दैमा निजी व्यवहारको लिखत निष्कृय हुन दिन नमिल्ने निष्कर्षमा पुगी प्रस्तावित दफा ७ मा सो अनुरूप व्यवस्था गरेको छ । कुनै ऐन बन्दछ भने त्यस्को पालना गर्नुपर्ने कर्तव्य भएका व्यक्तिकहरूले त्यस्को पालना गर्ने तर्फ पनि त्यतिकै जागरूक रहनु पर्दछ भन्ने आयोगको धारणा रहेको छ । जानी जानी ऐनको उल्लघन हुन्छ भने त्यो क्षम्य हुन सक्तैन तर अज्ञानताको फलस्वरूप ऐनको उल्लघंन भएको हो भने त्यसलाई नजानेर भएको त्रुटीको रूपमा व्यवहार गरी तदनुरूप कानूनी व्यवस्था भएमा ऐनको सही कार्यान्वयनमा क्रमिक बृद्धि हुनमा बढी सघाउ पुग्न जाने हुन्छ । यस तथ्यलाई ध्यानमा राखी ऐनले तोकेको ढाँचा नमिले तापनि बढीमा बीस रूपैयासम्म जरिवाना गरी त्यस्तो लिखतलाई कानूनी मान्यता प्रदान गरी सम्बन्धित कार्यालय वा अधिकारीले त्यसलाई कार्यान्वित गर्नु पर्ने व्यवस्था दफा ७ मा गरिएको छ ।

१२. समयको अन्तरालको कारण यस ऐन बमोजिम तोकिएको निजी व्यवहारको कुनै लिखतको ढाँचामा केही फेर बदल गर्नु पर्ने आवश्यकता श्री ५ को सरकारले आफैले वा अरू कसैको अनुरोधमा महसुस गरेमा त्यस किसिमको फेरवदल गर्न सक्ने अधिकार श्री ५ को सरकारलाई प्रदान गर्नको निमित्त प्रस्तुत ऐनको दफा ८ को उपदफा (१) मा आवश्यक व्यवस्था गरिएको छ । तर जनसाधारणको व्यवहारमा असर पर्ने किसिमको लिखतहरूको ढाँचामा परिवर्तन गर्नुपर्ने बाध्यता नै परेमा बाहेक अरू साधारण कारणबाट फेरबदल गरिनु कदापी उचित नहुने कुरालाई आयोगले ध्यानमा राखी श्री ५ को सरकारले यसरी कुनै निजी व्यवहारको लिखतको ढाँचालाई बदल्न चाहेमा सर्वोच्च अदालतको समेत प्रतिकृया लिनु पर्ने थप व्यवस्था गरेको छ । कुनै लिखतको ढाँचा बदलिएमा



नेपाल कानून आयोग

नयाँ तोकिएको ढाँचा सहितको सूचना नेपाल राजपत्रमा प्रकाशित गरिदिनु पर्ने समेत व्यवस्था प्रस्तावित ऐनमा गरिएबाट सर्वसाधारणले पनि समयमै जानकारी प्राप्त गर्न सक्ने अवस्था विद्यमान भै व्यवहारमा कुनै प्रकारको कठिनाई हुने छैन भन्ने आयोगको धारणा छ ।

१३. प्रस्तावित ऐन अन्तरगत तोकिएका निजी व्यवहारका लिखत मध्ये खास गरी राजिनामा, भोगबन्धक, बकसपत्र जस्ता लिखतहरूको हकमा सो पारित गर्ने कार्यालयबाट त्यस सम्बन्धी फारम छपाई काममा ल्याउने गरेको देखिन्छ । यस किसिमबाट छपाई राखिएको फारमहरू नेपाल अधिराज्यका धेरैजसो रजिष्ट्रेशन गर्ने कार्यालयले उपयोगमा ल्याई रहेकोले प्रस्तावित ऐन प्रारम्भ हुनासाथ त्यसरी प्रयोगमा ल्याउनको निमित्त छपाई राखेको फारमहरू काम नलाग्ने भई श्री ५ को सरकारको ठूलो धनराशि खेरजाने कुरा तर्फ आयोग सजग भएकोले त्यस्तो हुन नदिन प्रस्तावित ऐन प्रारम्भ भएपछि पनि बढीमा दुई वर्षसम्मको अवधिको निमित्त साविक बमोजिम छपाई प्रयोगमा ल्याई रहेको निजी व्यवहारको लिखतलाई नै प्रयोगमा ल्याउन सक्ने गरी श्री ५ को सरकारले छुट दिन सक्ने व्यवस्था गर्नु प्रासंगिक एवं उपयुक्त हुने आयोगले महसुस गरी दफा ८ को उपदफा (२) मा तदनुरूपको व्यवस्था समावेश गरेको छ । त्यस किमिमको छुट के कति अवधिको निमित्त दिइनु पर्ने होत भन्ने प्रश्नको हकमा त्यसरी छपाई राखिएको फारमको मौजुदा परिमाण एवं सो खपत भई सक्ने समयको अनुमाग श्री ५ को सरकारलाई नै बढी जानकारी हुने भएकोले दुई वर्षमा नबढाई श्री ५ को सरकारले उपयुक्त ठहराएको अवधीको लागि छुट दिन पाउने गरी श्री ५ को सरकारलाई नै तजविजी अधिकार प्रदान गरिएको छ । त्यसको अलावा यसरी छुट दिइने भएमा कुन कुन लिखतको सम्बन्धमा छुट दिइएको हो त्यस्तो लिखतको नाम सहितको सूचना श्री ५ को सरकारले नेपाल राजपत्रमा प्रकाशित गरिदिनु पर्ने समेतको

नेपाल कानून आयोग

बाध्यात्मक व्यवस्था गरी दिएबाट सर्वसाधारणले अन्योलको स्थितिको सामना गर्नु नपर्ला भन्ने आयोगको धारणा रहेको छ ।

१४. प्रस्तावित ऐनले मुख्यतया निजी व्यवहारको लिखतहरूको व्यहोरा सहितको ढाँचासम्म निर्धारण गर्ने र अन्य कुराहरू जस्तै लेखपढ गर्न जान्ने र नजान्नेले के कसरी सहीछाप गर्ने, कुन कुन ठाउँमा कुन तरिकाले सहीछाप गर्ने, के कस्तो किसिमको लिखतलाई रजिष्ट्रेशन पारित गराउनु पर्ने, आदि कुराको सम्बन्धमा मुलुकी ऐनको विभिन्न महलको व्यवस्था यथावत कायम रहने गरी यस ऐनको मसौदा गरिएको छ । छुट्टा छुट्टै विषयमा बनेको कानूनमा लेखिएको जति कुरामा त्यसै ऐनले अग्राधिकार पाई त्यसमा लेखिएदेखि बाहेक अरू कुराको हकमा मात्र मुलुकी ऐन बमोजिम हुने भन्ने किटानी व्यवस्था मुलुकी ऐनमा गरिएको छ । प्रस्तावित ऐनले ढाँचा तोकेको निजी व्यवहारको लिखतको सम्बन्धमा यस ऐनमा लेखिए जति कुराहरूको मात्र पालना गरे पुग्ने होकी भन्ने भ्रम सर्वसाधारणमा उत्पन्न हुन सक्ने कुरा तर्फ पनि आयोगको ध्यान गएकोले त्यस्तो संभावित भ्रम निवारणको निमित्त बचाउ सम्बन्धी दफा राखिएमा त्यस्को निराकरण हुन सक्ने आयोगले महसुस गरेकोले प्रस्तावित ऐनमा दफा ९ को व्यवस्था गरिएको छ ।

१५. प्रस्तावित ऐन अन्तरगत तोकिएका निजी व्यवहारको लिखतहरूको ढाँचालाई ऐनको अनुसूचीको रूपमा समावेश गरिएको छ । ती ढाँचाहरूमा लिखत गर्ने पक्षहरूको नाम, वतन, उमेर, लेनदेन गरिएको रकमको अंक, बेचविखन, दाव बक्स इत्यादि गरिएको सम्पत्तिको विवरण, लिखत लेख्ने काम भएको ठाउँको नाउँ आदि कुराहरू सम्बन्धित लिखत लेख्ने समयमा अवस्थानुसार सम्बद्ध कुराहरू लेख्नेको निमित्त खाली राखी अरू चाहिंदो व्यहोरासम्म उल्लेख गरी लिखतको व्यहोराको ढाँचा मिलाइएको छ । यो अनुसूचीहरूमा प्रयोग गरिएको भाषा र शैलीको विषयमा केही उल्लेख गरिदिनु प्रासंगिकनै हुने आयोगले

महसुस गरेको छ । लामो समयदेखि हामी कहाँ प्रचलनमा रहेका घरायसी लिखतको शैलीमा आफ्नै किसिमको मौलिकता छ र यसरी लामो समयदेखि प्रचलनमा रही आएको शैलीलाई परिवर्तन गर्दा सर्वसाधारणलाई असुविधा हुनुको साथै परम्परालाई छोड्दा केही हदसम्म जनगुनासोमा पनि वृद्धि हुने सम्भावना रहन्छ । परम्परागत शैलीमा खास त्रुटी भएमा बाहेक त्यसलाई परिवर्तन गर्नु कुनै औचित्य देखिदैन। त्यसै अनुसार भाषाको कुरोमा पनि भाषागत त्रुटी एवं प्रचलनबाट हटिसकेको शब्दावलीको साटो चलन चल्तीको शब्दावलीलाई प्रयोगमा ल्याउने वाहेक अरू भाषागत सुधार गर्नु पर्ने औचित्य देखिन नआउने कुरालाई आयोगले महसुस गरेकोले प्रस्तुत ऐनमा समावेश गरिएका निजी व्यवहारका लिखतहरूको व्यहोरा एवं शैलीमा केही अत्यावश्यक भाषागत सुधार गर्ने बाहेक अन्य खास परिवर्तन गरिएको छैन ।

| | | |
|---|---|---|
| (मेघराज बहादुर विष्ट)<br>सदस्य | (निरंजन थापा)<br>सदस्य | (विश्वनाथ उपाध्याया)<br>अध्यक्ष |
| (वेद व्यास क्षेत्री)<br>सदस्य सचिव | (ईश्वर बहादुर श्रेष्ठ)<br>सदस्य | (रेवती रमण खनाल)<br>सदस्य |

२०४५ साल असार ३१ गते ।

नेपाल कानून आयोग

# निजी व्यवहार सम्बन्धी लिखतहरूको ढाँचा निर्धारण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावना**:- केही निजी व्यवहार सम्बन्धी लिखतहरूको आधिकारिक एवं निश्चित ढाँचा निर्धारण गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न बान्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पंचायतको सल्लाह र सम्मतिले यो ऐन बनाई बक्सेको छ ।

नेपाल कानून आयोग

१. **संक्षिप्त नाम र प्रारम्भ**:- (१) यस ऐनको नाम "निजी व्यवहारको लिखतहरूको (ढाँचा सम्बन्धी) ऐन, २०४५" रहेको छ ।

(२) यो ऐन श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा**:- यस ऐनमा "निजी व्यवहारको लिखत" भन्नाले दफा ३ मा उल्लेख भएको लिखत सम्झनु पर्छ र सो शब्दहरूले त्यस्तै किसिमका अन्य लिखतलाई समेत जनाउँछ ।

३. निजी व्यवहारको लिखतको ढाँचा:- (१) देहायमा लेखिएको निजी व्यवहारको लिखतहरूको ढाँचा अनुसूचीमा तोकिए अनुसार हुने छ ।

निजी व्यवहारको लिखतको किसिम    निजी व्यवहारको लिखतको ढाँचा

(क) कपाली तमसुक अनुसूची १

(ख) दृष्टिबन्धक तमसुक अनुसूची २

(ग) भोगबन्धक तमसुक अनुसूची ३

(घ) लखबन्धक तमसुक अनुसूची ४

(ङ) बिक्रीनामा अनुसूची ५

(च) राजिनामा अनुसूची ६

(छ) बकसपत्र अनुसूची ७

(ज) शेष पछिको बक्सपत्र अनुसूची ८

(झ) दानपत्र अनुसूची ९

(ञ) सट्टापट्टाको लिखत अनुसूची १०

(ट) भाखापत्र अनुसूची ११

(ठ) बैनाबट्टाको लिखत अनुसूची १२

(ड) धर्मपुत्रको लिखत अनुसूची १३

(ढ) माना छुट्टिएको लिखत अनुसूची १४

नेपाल कानून आयोग

| | | |
|---|---|---|
| (ण) | | माना जोडिएको लिखत अनुसूची १५ |
| (त) | | बण्डापत्र अनुसूची १६ |
| (थ) | | अंश मिसाएको लिखत अनुसूची १७ |
| (द) | | अंश छोडपत्रको लिखत अनुसूची १८ |
| (ध) | | जग्गा कमाउने कबुलियत अनुसूची १९ |
| (न) | कबुलियत | घर जग्गा वहालको अनुसूची २० |
| (प) | | भरपाई अनुसूची २१ |
| (फ) | नावालकको जायजात तायदाती मुचुल्का | अनुसूची २२ |
| (ब) | | संरक्षकत्वको लिखत अनुसूची २३ |

नेपाल कानून आयोग

(२) श्री ५ को सरकारले उपदफा (१) मा उल्लेख भएदेखि बाहेक निजी व्यवहारको अन्य कुनै लिखतको ढाँचा तोकी त्यस्को सूचना नेपाल रापपत्रमा प्रकाशित गर्न सक्नेछ । सो बमोजिम सूचना प्रकाशित भएपछि सो लिखतको ढाँचा यसै ऐनमा समावेश भएको मानिने छ ।

४. **तोकिएको ढाँचामा निजी व्यवहारको लिखत लेख्नु पर्नेः**- (१) यो ऐन प्रारम्भ भएपछि निजी व्यवहारको लिखत दफा ३ बमोजिम तोकिएको ढाँचामा लेख्नु पर्नेछ ।

(२) निजी व्यवहारको लिखतहरू मध्ये प्रचलित नेपाल कानून बमोजिम रजिष्ट्रेशन गराउन पर्ने लिखतको सम्बन्धमा प्रचलित नेपाल कानूनले तोकेको अन्य बन्देजको समेत पालन गरी यो ऐन बमोजिमको ढाँचामा लिखत तयार गरिएको भए मात्र त्यस्तो लिखत रजिष्ट्रेशन गर्नेको निमित्त रीत पुगेको मानिने छ ।

(३) उपदफा (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै निजी व्यवहारको लिखतको ढाँचामा प्रयोग भएको कुनै शब्द वा वाक्यांशको साटो त्यसैको पर्यायवाची अन्य कुनै शब्द वा वाक्यांशसम्म प्रयोग भएकोमा वा लिंग वा वचनको भेद वा यस्तै अरू व्याकरणगत कुनै वाक्य बनौटको हेरफेरसम्म गरी कुनै शब्द वा वाक्यको प्रयोग गरिएको रहेछ र यस किसिमको परिवर्तनले लिखतको सामूहिक स्वरूप तथा मतलवलाई फरक पारेको रहेनछ भने त्यस्तो लिखतलाई यसै ऐन अनुरूप तयार गरिएको मानिने छ ।

५. **रीतपूर्वक नभएमा दरपीठ गरिदिनु पर्ने**:- (१) दफा ४ को उपदफा (२) बमोजिम निजी व्यवहारको लिखत रजिष्ट्रेशन गर्नु पर्ने कानूनी कर्तव्य भएको कार्यालय वा अधिकारीले आफू समक्ष रजिष्ट्रेशनको निमित्त प्रस्तुत गरिएको त्यस्तो कुनै लिखत यस ऐन बमोजिम ढाँचा नमिलेको देखेमा सो बमोजिम मिलाई ल्याउन सो लिखत सम्बन्धित व्यक्तिलाई नै फिर्ता गरिदिनु पर्छ ।

(२) लिखत पेश गर्ने व्यक्तिले चाहेमा उपदफा (१) बमोजिम लिखत फिर्ता गर्नु परेको कारण स्पष्ट बुझिने गरी सम्बन्धित कार्यालय वा अधिकारीले लिखतको पीठमा जनाई दिनु पर्छ ।

नेपाल कानून आयोग

६. **अरू लिखतको सम्बन्धमा परम्परागत ढाँचालाई नै प्रयोगमा ल्याउन सकिने**:- दफा ३ मा तोकिएदेखि बाहेक अरू निजी व्यवहारको लिखत तयार गर्दा परम्परागत रूपमा चली आएको ढाँचालाई नै प्रयोगमा ल्याउन सकिने छ ।

७. **ढाँचा नमिलेको कारण लिखत निष्कृय नहुने**:- प्रचलित नेपाल कानून बमोजिम रजिष्ट्रेशन गराउनु पर्ने बाहेक अन्य निजी व्यवहारको लिखत यस ऐन बमोजिम तोकिएको ढाँचा अनुरूप तयार नगरिएको कारणले मात्र निष्कृय भएको मानिने छैन । त्यस्तो लिखतलाई कार्यान्वित गराउन चाहने व्यक्तिलाई बीस रूपैयासम्म जरिवाना गरी सो कार्यान्वयन गर्ने कर्तव्य भएको कार्यालय वा अधिकारीले त्यसलाई कानूनी मान्यता दिनु पर्छ ।

८. **श्री ५ को सरकारले हेरफेर गर्न वा छुट दिन सक्ने**:- (१) दफा ३ बमोजिम तोकिएको कुनै निजी व्यवहारको लिखतको ढाँचालाई श्री ५ को सरकारले सर्वोच्च अदालतसंग परामर्श गरी हेरफेर गर्न सक्नेछ र त्यसरी हेरफेर गरेकोमा त्यस्को सूचना नेपाल राजपत्रमा प्रकाशित गर्नेछ ।

(२) निजी व्यवहारको लिखत रजिष्ट्रेशन गर्ने कार्यालय वा अधिकारीले सर्वसाधारणको सुविधाको निमित्त त्यस्तो कुनै लिखतको फारम छपाई प्रयोगमा ल्याई रहेको भए यो ऐन प्रारम्भ भएको मितिले बढीमा २ वर्षसम्म त्यस्तो फारम बमोजिमको ढाँचाको लिखतलाई नै प्रयोगमा ल्याउनसक्ने गरी श्री ५ को सरकारले छुट दिन सक्नेछ र त्यसरी छुट दिएकोमा त्यस्को सूचना नेपाल राजपत्रमा प्रकाशित गर्नु पर्नेछ ।

९. **यो ऐन बमोजिम हुने**:- यस ऐनमा लेखिएका कुराहरूमा सोही बमोजिम र अरूमा प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

नेपाल कानून आयोग

अनुसुची — १

## कपाली तमसुकको नमूना

लिखितम् धनीको नाम ............. जिल्ला ........... गाउँ/नगर पंचायत वडा नं. ......... (टोल) बस्ने वर्ष ..... को ..... धनवेहोऋणीको नाम ......... जिल्ला ..... गाउँ/नगर पंचायत वडा नं. ... (टोल) बस्ने वर्ष ... को ... आगे .... वापत तपाई साहूबाट आजका मितिमा रू. .... अक्षरेपी ......... ऋण लिएँ । सो रूपैयाँको वर्ष एकको ... प्रतिशतका दरले हुने व्याज समेत सावा आजका मितिले ... दिन/महिना/वर्ष भित्र बुझाउँला । सो म्याद भित्र बुझाइन भने मेरो घर घरानाबाट सावा व्याज असूल उपर गरी लिनु भनी आफ्नो खुशीराजीले किनाराका साक्षीको रोहबरमा ... (ठाउं) मा बसी यो तमसुक लेखी तपाई धनीलाई दिएँ । इति सम्बत् ... साल .. महिना गते रोज ... शुभम् ------

हस्ताक्षरको सही

दा। बा।

साक्षी

१. ....१

२. ....१

३. लेखक १

दा. वा.

हस्ताक्षरको सही

नेपाल कानून आयोग

हस्ताक्षरको सही

दा। बा।

साक्षी

१ ..... १

२ ..... २

३ लेखक १

## अनुसुची — २

## दृष्टिबन्धक तमसुकको नमूना

लिखितम् धनीको नाम ............. को नाती .... को छोरा.... जिल्ला ........... गाउँ/नगर पंचायत वडा नं. .......... (टोल) बस्ने वर्ष ..... को ..... धनीवेहोऋणीको नाम.... को नाती......... को छोरा ... जिल्ला ..... गाउँ/नगर पंचायत वडा नं. .... (टोल) बस्ने वर्ष ... को ... आगे .... वापत ... तपाई साहूबाट आजका मितिमा रू. .... अक्षरेपी ......... ऋण लिएँ । सो रूपैयाँको वर्ष एकको ... प्रतिशतका दरले हुने व्याज समेत सावा आजका मितिले ... दिन/महिना/वर्ष भित्र बुझाउँला । सो म्याद भित्र बुझाइन भने मेरो एकलौटी हक भएको अरू कसैको हक नलाग्ने कसैलाई बन्धकी वा हक छोडी लेखी नदिएको तपसिलमा लेखिएको .... क्षेत्रफलको जग्गा ।र। वा सो जग्गामा बनेको घर । भोग चलन गर्नु होला । भोग गरेको मितिदेखि तपाई धनीले रूपैयाँको व्याज र म आसामीले घरेको बहाल खोज्ने छैन । धितो लेखिएको घर/जग्गा कुनै वेहोराले कच्चा ठहऱ्यो वा मैले भोग गर्न नदिएको ठहरे मेरो घर घरानाबाट वर्षको .... प्रतिशतका दरले हुने व्याज समेत कानून बमोजिम उपर गरी लिनु भनी आफ्नो खुशीराजीले किनाराको साक्षीका रोहवरमा ... (ठाउँ) मा बसी यो दृष्टिबन्धकको तमसुक लेखी रजिष्ट्रेशन पारित गरी तपाई धनीलाई दिएँ ।

नेपाल कानून आयोग

### तपसिल

.... जिल्ला ... गाउँ / नगर पंचायत वडा नं. ... (टोल) मा रहेको पूर्व ... पश्चिम ... उत्तर ... दक्षिण ... यती चार किल्ला भित्रको ... कार्यालयमा दर्ता भएको कित्ता नं. ... को जग्गा ।वा । र सो । जग्गामा बनेको लम्बाई ... फुट् मिटर चौडाई ... फुट। मिटर भएको ... तले .. वर्गफूट । वर्गमिटर घर । इति सम्बत् ... साल .. महिना गते रोज ... शुभम् ------

दा. वा.

हस्ताक्षरको सही

नेपाल कानून आयोग

# अनुसुची — ३

## भोगबन्धक तमसुकको नमूना

हस्ताक्षरको सही

दा। बा।

लिखितम् धनीको नाम ............. को नाती .... को छोरा.... जिल्ला ........... गाउँ/नगर पंचायत वडा नं. .......... (टोल) बस्ने वर्ष ..... को ..... धनवेहोऋणीको नाम.... को नाती......... को छोरा ... जिल्ला ..... गाउँ/नगर पंचायत वडा नं. ... (टोल) बस्ने वर्ष ... को ... आगे .... वापत ... तपाई साहूबाट आजका मितिमा रू. ....।- अक्षरेपी ......... ऋण लिएँ । मैले सो रूपैयाँ नबुझाएसम्म कसैको हक नलाग्ने कसैलाई बन्धक वा कुनै व्यहोराले हक छोडी लेखी नदिएको मेरो एकलौटी हकको तपसिलमा लेखिएको .... क्षेत्रफलको जग्गा ।र। वा सीमामा बनेको घर भोगबन्धकी लेखिदिएँ । उक्त रूपैयाँ नबुझाएसम्म सो घर/जग्गा । तपाई धनीले भोग चलन गर्नु । धितो लेखिएको घर/जग्गा कुनै बेहोराले कच्चा ठहऱ्यो व मेरो तर्फबाट चलन गर्न नदिएको ठहरे सो समयको सावाँ र व्याज कानून बमोजिम उपर गरी लिनु । धनीले सो घर/जग्गा भोग गर्दा रूपैयाँको व्याज नखोज्नु र मैले सो घरको भाडा / जग्गाको आयस्ता खोज्ने छैन भनी आफ्नो खुशीराजिले किनाराको साक्षीको रोहबरमा ... (ठाउ) मा बसी यो भोगबन्धक तमसुक लेखी रजिष्ट्रेशन पारित गरी तपाई धनीलाई दिएँ ।

साक्षी

१ .... १

२ .... १

३ लेखक १



www.lawcommission.gov.np

<u>तपसिल</u>

.... जिल्ला ... गाउँ / नगर पंचायत वडा नं. ... (टोल) मा रहेको पूर्व ... पश्चिम ... उत्तर ... दक्षिण ... यती चार किल्ला भित्रको ... कार्यालयमा दर्ता भएको कित्ता नं. ... को जग्गा ।वा ।र। सो जग्गामा बनेको लम्बाई ... फुट्/ मिटर चौडाई ... फुट/ मिटर भएको ... तले .. वर्गफूट/ वर्गमिटर घर ।

इति सम्बत् ... साल .. महिना गते रोज ... शुभम् ------

दा. वा.

हस्ताक्षरको सही

नेपाल कानून आयोग

# अनुसुची — ४

## लखबन्धक तमसुकको नमूना

लिखितम् धनीको नाम ............. को नाती .... को छोरा.... जिल्ला ........... गाउँ/नगर पंचायत वडा नं. .......... (टोल) बस्ने वर्ष ..... को ..... धनीवेहोऋणीको नाम.... को नाती......... को छोरा ... जिल्ला ..... गाउँ/नगर पंचायत वडा नं. ... (टोल) बस्ने वर्ष ... को ... आगे .... वापत ... तपाई साहूबाट आजका मितिमा रू. ....।- अक्षरेपी ......... ऋण लिएँ । यस रुपैयाँमा मैले .....जिल्ला ..... गाउं/नगर पंचायत वडा नं. ... बस्ने ... बाट रु. ....।- मा मिति .... मा रजिष्ट्रेशन गरी म आफैले भोग गरी आएको अरू कसैलाई लखबन्धक लेखी नदिएको भोगबन्धकी लिखतमा लेखिएको जग्गा/र/घर आजका मितिमा तपाईलाई लखबन्धक लेखी दिएको छु । लेखिएको जग्गा/र/ घर केही व्यहोराले कच्चा ठहरी भोग गर्न पाउनु भएन भने ... प्रतिशत व्याज सहितको सावां मेरो चल अचल जाय जेथाबाट असूल उपर गरी लिनु भनी आफ्नो खुशिराजीले किनाराको साक्षीका रोहवरमा ... (ठाउं) मा बसी यो लखबन्धकको तमसुक लेखी रजिष्ट्रेशन पारित गरी यो तमसुक र मिति ... को भोगबन्धक तमसुक समेत तपाई धनीलाई दिएँ । इति सम्बत् ... साल .. महिना......... गते रोज ... शुभम् ------

दा. वा.

हस्ताक्षरको सही

दा। वा।

साक्षी

१ ..... १

२ ..... १

३ लेखक १





नेपाल कानून आयोग

हस्ताक्षरको सही

अनुसुची — ५

**<u>बिक्रीनामाको नमूना</u>**

दा। बा।

हस्ताक्षरको सही

लिखितम् ... जिल्ला ..... गाउँ/नगर पंचायत वडा नं. ... (टोल) बस्ने वर्ष ... को ... आगे तपाई ............ जिल्ला ..... गाउँ/नगर पंचायत वडा नं. ... (टोल) बस्ने वर्ष ... को ... संग रु. ... ।- अक्षरेपी ......... बुझीलिई तपसिलमा लेखिएको मालसामान बिक्री गरेकोले आफ्नो खुशीराजीले किनाराको साक्षीका रोहवरमा ............... (ठाउं) मा बसी यो बिक्रीनामाको लिखत गरिदिएँ ।

<u>साक्षी</u>

१ .... १

२ .... १

३ लेखक १

<u>तपसिल</u>

.......... .......... ............ ............... ........... .......

इति सम्बत् ... साल .. महिना..........गते रोज ... शुभम् ------

दा. वा.

हस्ताक्षरको सही

नेपाल कानून आयोग

अनुसुची — ६

## राजिनामाको नमूना

हस्ताक्षरको सही

दा। बा।

